## मेलौली नगरपालिकाको

# सार्वजनिक सुनुवाई

# कार्यक्रम सम्पन्न प्रतिवेदन

### आर्थिक वर्ष २०७९/०८०

मिति २०८० साउन ३० गते

आयोजक
ौलीनगरपालिका, बैतडी

सहजिकरण
नेपाल पत्रकार महासंघ, बैतडी शाखा

पृष्ठभूमी

नेपालको संविधानले स्थानीय सरकारलाई व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अधिकार प्रदान गरेको छ । स्थानीय सरकारको संस्थागत, कानुनी, राजनीतिक र आर्थिक पक्षहरुको विकासक्रम कुन अवस्थामा छ भन्ने जानकारीका साथै संवैधानिक जिम्मेवारी अन्तरगतका महत्वपूर्ण विषयलाई समयमा नै सम्बोधन गर्न सक्ने गरी स्थानीय सरकारलाई सबल बनाउन आवश्यक छ ।

यसै सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहहरुमा भए गरेका गतिविधि तथा कामकारवाही बारे बेलाबेलामा सेवाग्राही, सरोकारवाला समक्ष सार्वजनिक गर्नुपर्ने प्रावधान छ । ऐनमा स्थानीय सरकारले आफूले संचालन गरेको सेवाप्रवाहसँगै मातहतका सबै निकायबाट संचालन भएका सेवा सुविधा, विकास निर्माण तथा अन्य कार्यक्रम बारे नागरिक तहबाट सल्लाह, सुझाव लिने र जिज्ञासा तथा गुनासाको बेलैमा सम्बोधन गर्न र जनसहभागिता, सुशासन तथा स्थानीय सरकारप्रतिको अपनत्व बढाउनुका साथै कर्मचारी र जनप्रतिनिधिलाई उत्तरदायी बनाउनका लागि हरेक चौमासिकमा सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु अनिवार्य मानेको छ ।

सेवा प्रदायक र सेवाग्राहीका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई विकासको प्रक्रियामा रचनात्मक सहभागिता गराई पारदर्शिताको माध्यमबाट सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवार संस्कार बसाल्न गरिने सार्वजनिक सुनुवाई एवं सार्वजनिक परीक्षण कार्यलाई व्यवस्थित गर्न चालु आर्थिक बर्षका सेवा र कार्यक्रम कस्तो र कुन अवस्थामा छन् भन्ने कुरालाई जनता माझ पारदर्शि रुपमा प्रस्तुत गर्न सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन अत्यावश्यक हुन्छ ।

यसै सिलसिलामा मेलौलीनगरपालिका कार्यालयले चालु आर्थिक वर्षको दोस्रो र तेस्रो चौमासिकको सार्वजनिक सुनुवाइ कार्यक्रमको सहजीकरणका लागि नेपाल पत्रकार महासंघ बैतडी शाखालाई जिम्मा दिइएकोमा स्थानीय सरकार संचालन ऐन तथा स्थानीय तह सम्वन्धी ऐन, नियमको प्रावधान अनुसार सूचना सार्वजनिक गरी सेवा लिन आएका नागरिकहरुको धारणा तथा सुझाव र सेवा लिएर गएका नागरिकहरुले पाएको कर्मचारी तथा जनप्रतनिधिहरुको व्यवहार, सेवाको गुणस्तर, अन्य झन्झटलगायत बारे उनीहरुको अनुभूति समेटेर प्रतिवेदन तयार गरी सुनुवाइ कार्यक्रमको सभामा प्रस्तुत गर्दै सम्वन्धित अधिकारीहरुबाट जिम्मा लगाइएको थियाें ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरपालिका र मातहतका कार्यालयले सम्पन्न गरेका गतिविधि, कार्यक्रम, सेवा प्रवाहवारे सेवाग्राही तथा नागरिकहरुका जिज्ञासा, गुनासा, सल्लाह, सुझावहरु प्रत्यक्ष रुपमा र सामाजिक संजालमार्फत पनि संकलन गरी सम्वन्धित अधिकारीबाट जवाफ लिइएको थियो । नगरपालिका कार्यालयमार्फत संचालित भौतिक निर्माण, स्वास्थ्य, शिक्षा, कृषि, सामाजिक सुरक्षा, लक्षित समुदायका कार्यक्रमलगायतवारे सेवाग्राहीहरुको बढी चासो रहेको थियो । सुनुवाइका क्रममा विकास निर्माण, सहरी विकास, शिक्षा, सेवा प्रवाह, स्वास्थ्य, सरसफाई, सुशासनसँगै जनप्रतिनिधि र कर्मचारीहरुको व्यवहारवारे सहभागीहरुको नागरिक प्रतिवेदन तयार पारिएको थियो ।

य :

- मेलौली नगरपालिकाले आर्थिक वर्ष ०७९/०८० मा गरेका बिभिन्न सार्वजनकि सेवा (बिभिन्न काम) हरुको बारेमा नागरिकहरुलाइ जानकारी दिने
- नगरपालिकाले गरेको कार्यसम्पादनमा नागरिकहरुले भोग्नुपरेको अप्ठ्यारोका बारेमा नागरिकहरुवाटै गुनासो राख्न लगाउने ।
- नागरिकहरुले राखेका हरेक गुनासाहरुको सम्वन्धित जनप्रतिनिधि र विषयगत शाखाका पदाधिकारीहरुले जवाफ दिने ।
- नगरपालिकाले आगामि दिनम गर्नुपर्ने कामको बारेमा नागरिकहरुवाट सुझाव संकलन गरी कार्यान्वयनको चरणमा लग्ने
- नागरिकहरुलाई सुसाशन र पारदर्शितामा नगरपालिका सधै अग्रसर छ भन्ने बारेमा महशुस गराउने ।
- नगरपालिकाले प्रदान गर्ने सेवाका बारेमा जानकारी दिनुका साथै, नगरपालिकाको हरेक विकासमा नागरिकहरु जिम्मेवार छन् भन्ने कुराको बारेमा बोध गराउने ।

विधि :

सार्वजनकि सुनुवाई हुनुभन्दा १५ दिन अगाडी नै जिल्लाका विभिन्न संचारमाध्यमहरुबाट सार्वजनकि सुनुवाई हुने मिति र स्थानको बारेमा जानकारी सहितको सूचनाबाट नागरिकहरुलाई कार्यक्रममा आह्वान गरियो । सार्वजनकि सुनुवाईको सहजिकरण गर्ने व्यक्तिहरुले कार्यक्रमको सम्पुर्ण फरम्याट निर्माण गरी आमन्त्रित प्रमुख अथिति, विशिष्ट अथिति र अथितिहरुको आसनग्रहण गराउने । आशनग्रहण पछि उपस्थित सम्पुर्ण नागरिक तथा जनप्रतिनिधिहरुलाई एक आपसमा परिचित गराउन परिचयात्मक कार्यक्रम गर्ने । सहजिकरण गर्ने व्यक्तिबाट कार्यक्रमको उद्दश्यमाथि प्रकाश गर्न लगाउने । संञ्चालकले आचारसहिताका बारेमा जानकारी दिई उपस्थित नागरिकहरुवाट उक्त आचारसहितामा थप गर्नुपर्ने कुरा कुरा आह्वान गरी अनुमोदन गर्न लगाउने । नगरपालिकाले गरेका सम्पुर्ण सार्वजनिक सेवाका बारेमा निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी गराउन लगाइयो । नगरपालिकाले गरेका हरेक कामको बारेमा जानकारी गराईसकेपछि हल खुल्ला भएको जानकारी गराउने र उपस्थित सेवाग्राहिहरुवाट आचारसहिताको पुर्ण पालना गरी लिखित र मौखिक रुपमा प्रश्नहरुको आह्वान गरियो र नागरिकले उठाएका प्रश्नहरुको सम्वन्धित निकायहरुवाट जवाफ दिन लगाइ नागरिकहरुलाई सन्तुष्ट पारियो । अन्तमा उपस्थित अथिति, विशिष्ट अथिति र प्रमुख अथितिहरुवाट सुझावसहितको मन्तव्य राख्न लगाई सार्वजनकि सुनुवाई कार्यक्रमका सभाध्यक्षवाट धन्यवाद सहित कार्यक्रम समापनको घोषणा गर्न लगाईयो ।

**कार्यक्रममा उठेका केहि प्रतिनिधिमुलक प्रश्न र जवाफहरु :-**

| कार्यक्रममा सहभागीले उठाएका प्रश्न, गुनासा, सुझाव र जवाफदेही वक्ताले दिएको उत्तर | | | | |
|---|---|---|---|---|
| क्र.स. | प्रश्नकर्ता वा सुझाव दिने | प्रश्न/गुनासो/सुझाव | जवाफदेही वक्ता नाम र कार्यालय | वक्ताले दिएको संक्षिप्त व्यहोरा |
| प्रश्न : | | | | |
| १. | दक्षमणदत्त भट्ट- मेलौली नगरपालिका-६ | भैसी सुत्केरी भत्ता पाईन्थ्यो । भत्ता किन काटीयो । | प्रमुख भीम वहादुर चन्द | भत्ताको सट्टा पशु चिकित्सकीय सेवा दिने योजनामा छौं । |
| २. | हरीना भट्ट, मेलौली नगरपालिका ६ | आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई उच्च शिक्षा हांसीलका लागि के व्यवस्था छ । | प्रमुख भीम वहादुर चन्द | आर्थिक समस्या भएर पढाई गर्न नसकेको भनी निवेदन आएको छैन, त्यस्तो विपन्न जेहेन्दार विद्यार्थीलाई हामी सहयोग गर्छौं । |

| | | | | |
|---|---|---|---|---|
| ३. | इन्द्रदेव भट्ट, मेलौली नगरपालिका ६ | औद्योगिकग्रामको काम किन अगाडी बढेन ? | प्रमुख भीम बहादुर चन्द | वातावर्णिय प्रभाव मुल्याङ्कन हुन नसक्दा ढीलाई भएको हो । वातावर्णिय प्रभाव मुल्याङ्कन गरेर काम अगाडी बढाइने छ । |
| ४. | भरत सिंह पुजारा मेलौली नगरपालिका, ५ | खलिगाड भुरकाली जाने सडक बिचमा किन रोकियो, त्यसको काम अगाडी बढ्छ कि बढ्दैन ? | प्रमुख भीम बहादुर चन्द | सुरुमा जग्गा विवाद थियो, अहिले जग्गा विवाद टुङ्गिएको छ । यो वर्ष बजेट विनियोजन समेत भएको छ अब काम अगाडी बढ्छ । |
| | जयसिंह ठगुन्ना, मेलौली नगरपालिका ८ | कोटीगाउं भुक्षय र बाढीपहिरोको जोखिममा छ, यसको न्यूनिकरणका लागि नगरपालिकाले के गरिरहेको छ ? | प्रमुख भीम बहादुर चन्द | पहिरो ठुलो भएकाले नगरपालिकाको रकमले नपुग्ने भएकाले केन्द्र र प्रदेश सरकारलाई अनुरोध गरेका छौं । |
| ५ | भीमदत्त भट्ट मेलौली नगरपालिका ९ | मेलघाट केदारमाण्डौं लिफ्टिङ खानेपानीको रकम किन फ्रिज गयो ? | भुवन बाग, प्राविधिक शाखा प्रमुख | हामीले ठेक्का आह्वान गरेका थियौं, ओभरबिट भएकाले समस्या भएको हो । नयाँ टेन्डर खोल्ने प्रकियामा छौं । |
| ६ | लोकमणी भट्ट मेलौली नगरपालिका ९ | आर्थिक वर्षको अन्तमा रकम भुक्तानी नभएर दायित्व सर्ने समस्या कहिले सम्म रहन्छ । यसको भार नगरपालिकाले कहिले सम्म वेहोर्ने ? | प्रमुख भीम बहादुर चन्द | यो विगत देखिको समस्या छ । यसमा हामी आगामी दिनमा सुधार गर्छौं । |
| गुनासा : | | | | |
| १. | राजेश कुमार जोशी मेलौली नगरपालिका५ | टेलिकमको टावर नचलेर यहाँ नेटवर्कको समस्या छ । यसका लागि पहल गर्नु भएन | प्रमुख भीम बहादुर चन्द | हामीले यसका बारेमा टेलिकम कार्यालयमा समस्या राखेका छौं , वर्षातमा सोलारले काम नगर्दा समस्या भएको हो । |
| २. | सुरत सिंह नेगी मेलौली नगरपालिका १ | ठाउं विवदका कारण अहिले सम्मा अस्पताल बन्न सकेको छैन ? अहिले सम्म पहल भएन | प्रमुख भीम बहादुर चन्द | विवाद गर्ने सबै पक्ष बसेर अब यसको समाधान गरौं, र अस्पतालको विवादलाई छलफलद्वारा निष्कर्षमा पुऱ्याऔं । |
| ३. | | | | |
| सुझाव : | | | | |
| १. | भीम भट्ट मेनपा ९ | सार्वजनिक सुनुवाईमा उठेका विषय सम्बोधन गर्ने प्रतिवद्धता गरिन्छन् तर कार्यान्वयन भएको देखिदैन । यसलाई आगामी दिनमा अनिवार्य लागु गर्न आवश्यक छ । | नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत | तीनै जनाबाट सुझाव ग्रहण गर्ने प्रतिवद्धता व्यक्त |

| | | | | |
|---|---|---|---|---|
| २. | बिरेन्द्र भट्ट मेलौली नगरपालिका२ | नगरपालिकाले हरेक तीन महिनामा अनिवार्य रुपमा सार्वजनिक सुनुवाइं गरेर गुनासा र सल्लाह, सुझाव सम्बोधन गर्न जरुरी छ। | नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत | तीनै जनावाट सुझाव ग्रहण गर्ने प्रतिवद्धता व्यक्त |
| ३. | खेमराज भट्ट मेलौली नगरपालिका ६ | नगरपालिकाका जिन्सी समान र सवारीसाधनहरुको सदुपयोग भएको छैन, यसको सदुपयोग गर्नुपर्‍यो। | नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत | तीनै जनावाट सुझाव ग्रहण गर्ने प्रतिवद्धता व्यक्त |

**कार्यक्रम आयोजना स्थल** :मेलौली नगरपालिकाको सभाहल

**कार्यक्रम आयोजना गरिएको मिति** :२०८० साउन ३०गते

**सार्वजनिक सुनुवाई सहजिकरण गर्नेव्यक्ति** : विनोद विष्ट

**आयोजक** : मेलौली नगरपालिका, बैतडी

**सहजिकरण गर्ने संस्था** :पत्रकार महासंघ बैतडी शाखा

## समाचार

**बैतडी।** मेलौली नगरपालिकाले सार्वजनिक सुनुवाई गरेको छ। आर्थिक वर्ष २०७९/०८० को सार्वजनिक सुनुवाई तथा समिक्षा कार्यक्रम सम्पन्न भएको हो।

मंगलबार नगर प्रमुख भिम बहादुर चन्दको सभाध्यक्षमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो। नगरपालिकाको आयोजना र पत्रकार माहासघं बैतडीको सहजिकरणमा सुनुवाई कार्यक्रम सम्पन्न भएको नगर प्रमुख चन्दले बताए।

प्रमुख प्रशासयिक अधिकृत सपना कार्किले नगरपालिकाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। नगरपालिकाबाट प्रवाह हुने सेवा, योजना र कार्यक्रमहरुका बारेमा बिभिन्न वडाबाट सहभागि नागरिकहरुले प्रश्नहरु गरेका थिए। नागरिकहरुले सोधेका प्रशनहरुको जवाफ सम्बन्धित व्यक्ति तथा शाखा प्रमुखहरुले दिएका थिए।

आगामि बर्षको योजना तथा कार्यक्रमको बारेमा पनि स्थानियहरुले सुझाव दिएका थिए। जनताको मतले निर्बाचित भईसकेपछि सधै जनताको सेवामा तल्लिन रहने र जनमुखी काम गर्दै जाने नगर प्रमुख चन्दले बताए।

link
https://melaulinews.com/archives/14555?fbclid=IwAR1G0vC6M76Z9VXL8X4flsyTyFbXbVUKrHAE1mkkwJNUa5XNul2OuBfBdV4



नागरिक प्रतिवेदन र बहिर्गमन पत्र संकलनगर्दै नेपालपत्रकार महासंघका प्रतिनिधि



# सार्वजनिक सुनुवाईकार्यक्रमका केही झलकहरु









कार्यक्रममा उपस्थित सेवाग्राहि, एवम् सरोकारवालारु

कार्यक्रममा उपस्थित जनप्रतिनिधि र विषयगत शाखाका प्रमुखहरु

**निष्कर्ष :**

हरेक स्थानीय तह (वडा, गाउ/नगर/उपमहानगर/महानगर) पालिकाहरुले प्रत्ये तीन महिनामा सार्वजनकि सुनुवाई गर्ने प्रावधान छ। जसअन्तंगत १० स्थानीय तहहरुमध्ये यस वर्षको सार्वजनकि सुनुवाई कार्यक्रम २-४ स्थानीयतहले मात्रै गरे भन्दा फरक नपर्ला मेलौली नगरपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाईले नागरिक तथा जनप्रतिनिधिहरुको सम्बन्ध नजिक हुनुका साथै नगरपालिकाले गर्ने हरेक सेवा प्रभावहका बारेमा समेत नागरिकहरुले सवाल-जवाफ मार्फत प्रष्ट हुने मौका पाए।

**प्रतिवेदन तयार पार्ने : बिनोद विष्ट**

**प्रतिवेदन दिएको मिति :२०८०/०४/३१ गते**